## १६. व्याज, शुल्क, दण्ड तथा जरिवाना

**१. अन्तःशुल्क ऐन बमोजिम तिर्नु पर्ने अन्तःशुल्क दवाएमा, छिपाएमा वा छलेमा त्यस्तो व्यक्तिलाइ कस्तो कारबाही हुन्छ ?**

*बिगो जफत गरी बिगो बमोजिम जरिवाना वा एक बर्ष सम्म कैद वा दुबै सजाय हुनेछ ।*

**२. इजाजतनै नलिइ अन्तःशुल्क लाग्ने बस्तु उत्पादन एवं पैठारी गरेको छ भने कस्तो कारवाही हुन्छ ?**

*बिगो जफत गरी बिगो बमोजिम जरिवाना वा एक बर्ष सम्म कैद वा दुबै सजाय हुनेछ*

**३. कुनै ब्यक्तिले झुट्ठा लेखा वा किर्ते कागज वनाइ ऐन बिपरित कुनै कसूर गरेको भएमा के कस्तो कारबाही हुन्छ ?**

*बिगो जफत गरी बिगो बमोजिम जरिवाना वा एक बर्ष सम्म कैद वा दुबै सजाय हुनेछ ।*

**४. कसूरसंग प्रत्यक्ष वा परोक्ष रुपमा प्रयोग भएका भाँडा बर्तन वा ज्यावल, मेशिन, उपकरण तथा सवारी साधनका सम्बन्धमा के कारबाही हुन्छ ?**

*त्यस्ता सामान, ज्यावल, मेशिन, उपकरण तथा सवारी साधन समेत जफत हुनेछ । तर, सबारी धनीको अनुमति बिना सबारी साधन प्रयोग गरेमा वा भाडाको सबारी साधन प्रयोग गरेको भए त्यस्तो सबारी साधन जफत नगरी सबारी धनीलाई पच्चिस हजार रुपैयाँ जरिवाना र चालकलाई कशूरको मात्रा हेरी तीन महिना सम्म कैद वा पन्ध्र हजार रुपैयाँ जरिवाना वा दुबै सजाय हुनेछ ।*

**५. अन्तःशुल्कजन्य बस्तुको कारोबार गर्नेले निर्धारण गरेको मूल्यमा अन्तःशुल्क अधिकृतले अतिरिक्त मूल्य निर्धारण गरी अन्तःशुल्क निर्धारण गरेको छ भने के कारबाही हुन्छ ?**

*त्यस्तो करदातालाई त्यसरी थप हुने अन्तःशुल्क रकमको शत प्रतिशत रकम जरिवाना हुनेछ ।*

**६. इजाजतपत्र नलिइ कारोबार गरेमा के कति जरिवाना हुन्छ ?**

*रु. पाँच हजार देखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।*

**७. तोकिएको समयमा बिबरण पेश नगरेमा के हुन्छ ?**

*लाग्ने अन्तःशुल्कको प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशत वा प्रति बिबरण एक हजार रुपैयाँ मध्ये जुन बढी हुन्छ सो रकम जरिवाना हुन्छ ।*

**८. उत्पादन, खरिद, बिक्री र मौजदात खाता प्रमाणित नगराइ राखेमा के हुन्छ ?**

*रु. पाँच हजार रुपैयाँ सम्म जरिवाना हुनेछ ।*

**९. कारोबारको लेखा ६ बर्ष सम्म सुरक्षित नराखेमा कति जरिवाना हुन्छ ?**

*रु. दश हजार जरिवाना हुनेछ ।*

**१०. अल्कोहलको मात्रा एक प्रतिशत भन्दा बढी फरक भएमा के कारवाही हुने व्यवस्था छ ?**

*राजस्व चुहावट भएको रकमको शतप्रतिशत रकम जरिवाना हुनेछ ।*

**११. ऐनको दफा ४.घ उल्लंघन गरेकोमा कस्तो सजाय हुन्छ ?**

*पटकै पिच्छै दश हजार रुपैयाँ जरिवाना हुनेछ ।*

**१२. मदिरा बिक्री बितरण नियमन निर्देशिका अनुसार गठित अनुगमन टोलीबाट अनुगमन हुदा निर्देशिका बिपरित कारोबार गरेको पाईएमा टोलीले बरामद गरेको मदिराको सम्बन्धमा के कारबाही हुन्छ ?**

*निर्देशिका बिपरित कारोबार गर्ने व्यबसायीको कारोबार संग सम्बन्धित मदिरा जफत हुन्छ । जानकारी बिभागमा पठाउनु पर्नेछ ।*